लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डुँडे, नुवाकोट

वागमती प्रदेश, नेपाल

प.स. ०७७/०७८
च.नं. ८६०

मिति : २०७७।०११८

**गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण सम्बन्धी लिखु गाउँपालिकाको सार्वजनिक अनुरोध ।**

**गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५** बमोजिम यस गाउँपालिका अन्तरर्गतका सबै वडाहरुमा रहेका गरिब परिवार पहिचानको लागि आवश्यक तथ्यांक संकलन तथा विश्लेषण गर्ने र गरिब परिवारको रुपमा पहिचान भएका परिवारलाई परिचय-पत्र वितरण गर्ने कार्यक्रम रहेको हुँदा सो कार्यमा खटिई आउने गणकहरुलाई सही तथ्यांक उपलब्ध गराइ आवश्यक सहयोग पुऱ्याइदिनुहुन अनुरोध गरिन्छ ।

- गरिब परिवार पहिचानको लागि तथ्यांक संकलन गर्न गणकहरु प्रत्येक घरआँगनमा आउदैछन् ।
- तथ्यांक संकलन कार्य घर आँगन भन्दा बाहिरको कुनै स्थानमा बसी गर्न पाइने छैन ।
- गणकहरु आफ्नो घर आँगनमा कहिले आउँछन् भन्ने बुझ्नको लागि आफ्नो वडा कार्यालयमा सम्पर्क राखौं ।
- गरिब परिवार पहिचानको लागि गणकले मागे बमोजिम नागरिकता प्रमाण पत्र वा मतदाता परिचय पत्र लगायतका आवश्यक कागजातहरु साथमा राख्नुपर्नेछ ।
- तथ्यांक संकलनमा आएका गणकहरुलाई सत्य तथ्य विवरण दिनु पर्नेछ । झुटा विवरण दिएको प्रमाणित भएमा कानून बमोजिम कारबाही हुनेछ ।
- गणकहरुले लिएका विवरणहरु गोप्य राखिने भएकोले आफ्नो परिवारको यथार्थ विवरण मात्र दिनु पर्नेछ ।
- गणकहरुबाट संकलित तथ्यांकलाईं आवश्यक विश्लेषण पश्चात् नेपाल सरकारबाट स्वीकृत गरिब परिवारको सूचीमा परेका परिवारहरुले गरिव परिवार परिचय पत्र प्राप्त गर्नेछन् ।
- गरिब परिवारको परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुले राज्यको तर्फबाट सन्चालन हुने सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरु र प्रचलित कानून बमोजिम सार्वजनिक निकाय तथा अन्य निकायबाट प्रदान गरिने सेवा सुविधामा सहभागि हुन पाइने भएकोले आ-आफ्नो विवरण गणकहरुलाई दिनु हुन अनुरोध छ ।

भेष बहादुर कुँवर
प्रमुख प्रशासकीय अधिकृत